# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

राष्ट्रिय साप्ताहिक

www.missionenews.com

वर्ष-४ | अंक-८ | २०७६ भदौ २५ गते बुधबार | 11 September 2019 Wednesday | मूल्य रू. १०/-


भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं ।
घुस लिने दिने दुवै उतिकै दोसि हुन ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## संरचनामा क्षति

# प्रदेश राजधानीमै खानेपानीको चरम अभाव

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेशको राजधानी सुर्खेतमै खानेपानीको चरम अभाव देखिएको छ। खानेपानीको मुहान र पाइपलाइनमा पहिरोले अवरोध गरेपछि खानेपानीको अभाव देखिएको हो। वीरेन्द्रनगरमा तीन दिन देखी खानेपानी वितरण पूर्णरुपमा प्रभावित भएको छ। अत्याधिक वर्षाका कारण बाढी पहिरोले पानीको मुहान र संरचनामा क्षति पुगे पछि पानी वितरणमा समस्या भएको हो। सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले पानी वितरण गर्दै आएको कर्णालीको राजधानी समेत रहेको वीरेन्द्रनगरको अधिकांश क्षेत्र गत बिहीबारदेखि पूर्णरुपमा प्रभावीत भएको छ। सुर्खेत उपत्यकामा खानेपानीका मुख्य स्रोत झुप्रा मुहान, खरी-बोरी खोला, इत्राम र खोर्के मुहानबाट इत्राम र अन्य कलेक्सन सेन्टर (प्लान्ट) मा पानी नझरेको सुर्खेत उपत्यका खानेपानी संस्थाले जनाएको छ।

'पहिरोले खानेपानीका अधिकांश संरचनामा क्षति भएको छ' संस्थाका अध्यक्ष कुलमणि देवकोटाले भने, 'तीन दिनदेखि प्लान्टमा एक थोपा पानी नझरेकाले वितरण गर्न सकिएको छैन।' वर्षातले एकै पटक सबै स्रोतमा क्षति पुगेकाले पानी वितरण ठप्प भएको देवकोटाको भनाई छ। अध्यक्ष देवकोटाका अनुसार खरी-बोरी खोलाबाट ल्याइएको पानीको पाइपलाइन दोबिल्ला नजिक पहिरोले फालेको छ। वर्षातका कारण झुप्राको लाइनबाट अत्याधिक धमिलो र लेदो पानी मात्रै आएकाले कलेक्सन सेन्टरमा हालिएको छैन। बर्षे भेलका कारण झुप्राको इन्टेकमा समेत क्षति पुगेको छ। त्यस्तै, इत्राम र खोर्के खोलाको स्रोतमा पनि वर्षे भेल पसेका कारण कलेक्सन सेन्टरसम्म पानी ल्याउन सकिएको छैन। बुलबुले स्रोतमा भने ट्रान्समिटर जलेर बिग्रिएपछि पानी वितरण प्रभावित भएको संस्थाले जनाएको छ। पहिरोले पाइपलाइन र अन्य संरचनामा ठूलो क्षति पुर्‍याएको मर्मतमा खटिएका संस्थाका इन्जिनियर बालाराम तिवारीले जानकारी दिए। संरचनामा क्षति पुगेलगत्तै मर्मत टोली फिल्डमा खटाइएको अध्यक्ष देवकोटाले बताए। कर्णाली प्रदेश राजधानी वीरेन्द्रनगरमा हाल १७ हजार धारामार्फत संस्थाले खानेपानी सेवा दिइरहेको छ। खडेरी र वर्षातमा सुर्खेत उपत्यकाबासीले खानेपानीको समस्या झेल्दै आएका छन्।


झुप्रा-खरी,बोरी खोलाबाट ल्याइएको पानी दोबिल्लामा पहिरोले अवरोध पाइपलाइन। तस्विर : मिसन न्यूज

## राजमार्गमा पहिरो चुनौती बन्दै

मिसन न्यूज
कालिकोट

जिल्लाको तिलागुफा नगरपालिका छात्रे ढाँड खोलामा आएको पहिरोका कारण कर्णाली राजमार्ग अबरुद्ध भएको छ। शुक्रबार अविरल वर्षासँगै कर्णाली राजमार्गको टाकुल्लास्थित ढाँड खोलामा आएको पहिरोले राजमार्ग बगाएपछि शुक्रबार रातिदेखि कर्णाली राजमार्ग अवरुद्ध भएको हो। भदौ १० गते ढाँडखोलामा आएको भीषण पहिरोले तिलागुफा नगरपालिका ७ का २५ परिवारहरू



विस्थापित भएका थिए। उक्त खोलामा शुक्रबार राति आएको बाढीले टाकुल्लास्थित राजमार्ग बगाएपछि यातायात सेवा अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरी प्रमुख श्याम बाबु ओलियाले बताए। उनका अनुसार, अवरुद्ध राजमार्ग खुलाउनका लागि जुम्लाबाट डिभिजन सडक कार्यालय जुम्लाको डोजरले मगाएर काम सुरु गरेको छ। उक्त डोजरहरू घटना स्थल पुगेर सडक निर्माण गरेपछि यातायात सेवा सुचारु हुनेछ।

अहिले जुम्ला, मुगु देखी सुर्खेत नेपालगञ्ज जाने सवारी साधन तथा सुर्खेत नेपालगञ्जबाट जुम्ला मुगुतिर जाने सवारी साधनहरू टाकुल्लाको ढाँडखोला आसपासका सडकहरूमा रोकिएका छन्। वर्षायाम लागेसँगै वर्षेनी कर्णाली राजमार्ग अवरुद्ध हुँदै आएको छ। सामान्य वर्षा हुँदा पनि विभिन्न ठाउँमा बाढी पहिरो खस्ने र राजमार्ग अवरुद्ध हुने समस्याले यात्रुहरूले निकै सास्ती खेप्दै आएका छन्। सडक अवरुद्ध हुने समस्याकै कारण कर्णालीमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमन घट्ने गरेको छ। तिलागुफा नगरपालिका प्रमुख रतन बहादुर शाहिले वर्षायाममा निकै जोखिमपूर्ण यात्रा हुने कर्णाली राजमार्गमा यस वर्ष लामो समय राजमार्ग अवरुद्ध नभएको बताए। पटक पटक अवरुद्ध हुदै आइरहेको समचार आएपछि रारा आउने प्रर्यटकको संख्यामा पनि कमि आउदै आएको बताए।

# विद्युत् प्राधिकरणका उपकरण थन्किए

मिसन न्यूज
जुम्ला

जुम्लामा गत कात्तिक महीनादेखि विद्युत् सङ्कट भएपछि नेपाल विद्युत् प्राधिकरणले उपलब्ध गराएको डिजेल प्लान्ट त्यसै थन्किएको छ। विद्युत् प्राधिकरणले डिजेल प्लान्ट उपकरण मात्र उपलब्ध गराएको र डिजेल उपलब्ध नगराएपछि उपकरण थन्किएको बताइएको छ।

जुम्लाको विद्युत् सङ्कटका विषयमा संसद्मा ऊर्जामन्त्री वर्षमान पुन र नेपाल विद्युत्प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको आलोचना भएपछि साउन २९ मा डिजेल प्लान्ट जुम्ला पुगेको थियो। जुम्लाका सांसद गजेन्द्रबहादुर महतले प्रतिनिधिसभाको बैठकमा मन्त्री पुन र प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बेवास्ता गरेको बताएका थिए। जुम्ला सदरमुकाम खलङ्गा महीनौंदेखि विद्युत्विहीन भएको, तर सम्बन्धित व्यक्तिहरूले फोनसमेत नउठाउने गरेको भन्दै सांसद महतले आलोचना गरे। सांसद महतले आलोचना गरेपछि प्राधिकरणले जुम्लाका लागि ३०० केभीको डिजेल प्लान्ट पठाएको हो।


डिजेल नभएर थन्किएको नेपाल विद्युत् प्राधिकरण जुम्लाको डिजेल प्लान्ट।

डिजेल प्लान्टसँग एक जना कर्मचारीको व्यवस्था गरे पनि प्राधिकरणले डिजेल उपलब्ध नगराएकाले उपकरण थन्किएको साना जलविद्युत् उपभोक्ता समितिका अध्यक्ष विष्णुबहादुर बुढ्थापाले बताए। 'प्राधिकरणले जुम्लाका सांसदको रिस थाम्नका निम्ति मात्रै विद्युत् उकरण दिएको रहेछ', उनले व्यङ्ग्य गर्दै भने, 'प्राधिकरणले उपलब्ध गराएको डिजेल प्लान्ट हरियो घाँस र पानी हाल्दा पनि चलेन। प्रतिघन्टा ५० लिटर डिजेल खर्च हुन्छ। यो खर्च यहाँबाट जुटाउन सकिएन।' प्राधिकरणले डिजेल उपलब्ध नगराएपछि मेसिन थन्किएको उनको भनाइ छ। अहिले सांसद महतले स्थानीय

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## शिक्षा क्षेत्रलाई निगरानी गर !

सरकारले देशभरका सामुदायिक विद्यालयहरुमा माध्यमिक तहसम्मको पढाई निःशुल्क घोषणा गरेको छ । सरकारी घोषणा अनुसार कुनै पनि विद्यालयले विद्यार्थीहरुसँग भर्ना, मासिक वा अन्य कुनै पनि शुल्क लिन पाउदैनन् । तर, व्यवहारमा भने अझै पनि कतिपय विद्यालयहरुले विभिन्न नाममा विद्यार्थीहरुसँग शुल्क असुल्ने गरेका छन् । नयाँ शैक्षिकसत्र शुरु हुनै लाग्दा चितवनका कतिपय विद्यालयहरुले प्राथमिक तहदेखि नै विद्यार्थीसँग अतिरिक्त शुल्क असुल्ने तयारी गरेका छन् । सामुदायिक विद्यालयले कुनै पनि नाममा विद्यार्थीसँग शुल्क लिन पाउने व्यवस्था शिक्षा नियमावलीमा छैन । तर जिल्लाका सदरमुकामकै कतिपय विद्यालयहरुले नियम विपरीतका शुल्क असुल्दै आएका छन् ।नयाँ शैक्षिक सत्र शुरु हुनुको अर्थ पुरानो कक्षामा अध्ययनरत विद्यार्थीहरु कक्षा चढ्ने र नयाँ विद्यार्थीहरु भर्ना हुने समय हो । हरेक बैशाख महिनासँगै नेपालको विद्यालय तहमा नयाँ शैक्षिक सत्र शुरु हुन्छ र यहि प्रकृया दोहोरिन्छ । नेपाल सरकारले सामुदायिक विद्यालयहरुमा शिक्षा निःशुल्क घोषणा गरेको ठाउँमा त विभिन्न नाउमा शुल्क लिने गर्छन् भने निजी विद्यालयहरुमा त नयाँ शैक्षिकसत्र ज्यादै महंगो पर्ने गरेको छ । राजधानीका कतिपय विद्यालयहरुले शिशुको भर्ना एक लाखसम्म लिने गरेको देखियो । हरेक बर्ष विद्यार्थीहरुले महँगो बुझाएर भर्ना गर्नुपर्ने अवस्था छ भने त्यहाँ अध्ययनरत विद्यार्थीहरुका लागि पुस्तक, स्टेसनरी र पोसाकको व्यवस्था गर्नु पनि उत्तिकै महँगो पर्दछ । सरकारले एउटा कक्षा पास गरेर त्यसै विद्यालयको अर्को कक्षामा पढ्दा भर्ना गर्नु नपर्ने नियम बनाएको छ तर निजी विद्यालयहरुमा त्यो नियम लागु भएको छैन । अधिकाँश निजी विद्यालयले हरेक बैशाखमा शुल्कबृद्धि गरेर महँगो भर्ना शुल्क, शिक्षण शुल्क र विभिन्न शिर्षकहरुमा रकम असुल्छन् । विद्यालयको पूर्वाधार, सेवा, सुविधा र पढाईको स्तरलगायतका आधारमा शुल्क निर्धारण हुने नियम सरकारले राखेको छ तर त्यो नियम कुनै पनि निजी विद्यालयहरुले मानेका छैनन् । अत्यन्त नाजुक पुर्वाधार, सेवा, सुविधा र पढाईको स्तर भएका विद्यालयहरुले पनि शुल्क लिने बेलामा आफूलाई अब्बलको दाँजोमा राख्ने गरेका छन् । निजी विद्यालय सञ्चालन गर्न अनुमति दिने जिल्ला शिक्षा कार्यालयले नै विद्यालयको पूर्वाधार, उसले दिने सेवा र सुविधालाई हेरेर शुल्क निर्धारण गर्नुपर्ने हो । तर, शिक्षा कार्यालयले त्यसो गर्दैन जसको कारण मापदण्ड पुरा नगरेका विद्यालयहरुले पनि मनोमानी गरिरहेका छन् । यसरी निजी विद्यालयहरुमा अनुगमन गरेर, सामान्य मापदण्ड पनि पुरा नगरेका र तोकिएको भन्दाबढी शुल्क लिने विद्यालयहरुलाई कार्वाही गर्ने परिपाटी जिल्ला शिक्षा कार्यालयले बनाउनु पर्दछ । यस्तै आफूखुसी शुल्क लिने सामुदायिक विद्यालयहरुलाई कार्वाही गर्ने आँट जिल्ला शिक्षा कार्यालयले देखाउनु पर्दछ ।

**रास्कोटको सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका कार्यालय**
**कालिकोट**

# मदिरा सेवन गर्न टाइम कार्ड लागु

शुभाकर विश्वकर्मा
जुम्ला

कर्णाली प्रदेशका १० वटै जिल्लामा मदिरा सेवन गर्न टाइम कार्डको व्यवस्था गरिने भएको छ । अवैध रुपमा उत्पादन हुने मदिराका कारण प्रदेशको शान्ति सुरक्षामा खलल पुगेको भन्दै प्रदेश सरकारले मदिरा सेवन न्युनिकरण तथा व्यवस्थित गर्न लागेको हो । अबैध रुपमा मदिरा उत्पादन र सेवनका कारण दैनिक रुपमा अपराधिक क्रियाकलाप बढेकोले सरकारले नीतिगत रुपमा अघि बढ्ने कर्णाली प्रदेश सरकारले जनाएको छ । नेपाल पत्रकार महासंघ जुम्लाद्धारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै कर्णाली प्रदेशका आन्तरिक तथा कानुन मन्त्री नरेश भण्डारीले मदिरा सेवन गर्नको लागि टाईम कार्ड लागु गरिने बताए । उनका अनुसार कर्णालीमा लागुऔषध, मदिरा सेवन सुरक्षाको मुख्य समस्या हो । 'लागु पुर्णरुपमा निषेध गरिन्छ', उनले भने , 'मदिरा न्युनीकरणको लागि विषेश अभियान संचालन गरिनेछ ।' प्रहरी विद्येयक लागु हुन वित्तिकै कर्णालीमा मदिरा न्युनीकरण अभियानको शुभारम्भ हुने उनले जानकारी दिए । मदिरा सेवन तथा विक्रि वितरणमा बालबालिकाको प्रयोग हुने गरेको भन्दै उमेर समुह समेत निर्धारण गरिने छ । मदिरा पसल संचालनको लागि पनि प्रदेश सरकारले स्थान र व्यक्ति, समय सिमा तोक्ने र कार्डको व्यवस्था गरिने भण्डारीको भनाई छ । दश वटै जिल्लाका सुरक्षा निकायका समन्वय गरी प्रदेश सरकारले अभियान संचालन हुने भएको हो । केही वर्षमा कर्णालीलाई लागुऔषध र मदिरा निषेधित गर्नको लागि तयारी शुरु भइसकेको छ ।



**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# प्रतिभाका पुञ्ज बीपी कोइराला !

बद्रीप्रसाद दाहाल

नेपाली राजनीतिक नेतृत्वमा जननायकको सम्बोधनमा बोधित हुने एक मात्र नायक हुन् उनी । आधुनिक राजनीतिका चिन्तक मनोवैज्ञानिक आख्यानकार, विष्णात गद्यकवि, कुशल विश्लेषक र सफल अधिवक्ता पनि हुन् बीपी। जो नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्न पुगे । अत्यन्त श्रद्धा लाग्दा वा भावावेग र दास मानसिकता हुँदा पनि कतिपय मानिसलाई देवत्वकरण गरी गरुङ्गो विशेषणको भारी बोकाएर हुर्मत लिने मजाकिलो प्रवृत्ति हामीमा नभएको भने होइन । वास्तवमा नेपालमा अहिलेसम्म जन्मिएका हातको औँलामा गन्न सकिने राजनेताको झलक दिन खोज्ने राजनीतिज्ञहरुमध्ये बहुमुखी क्षमता भएका व्यक्ति विश्वेश्व रप्रसाद कोइराला नै प्रथम पङ्तिमा आउँछन् । बीपी कोइरालाका व्यक्तित्वका मुख्य पाटा साहित्य र राजनीतिका दुई धार हुन् । नेपाली धर्तीको लागि शोधमूलक पक्ष र राष्ट्रिय गौरवको स्रोत बनेको छ । उनको यही बहुआयामिकतालाई सर्सर्ती हेर्ने चेष्टा यो जन्मजयन्तीमा सान्दर्भिक हुन्छ नै ।

**सिर्जना संसारका बीपी**

'साहित्यमा सम्राट पनि नाङ्गो हुन्छ, कला बन्धन हैन स्वतन्त्रता चाहन्छ ।' यही मान्यतामा आफ्नो सिर्जना संसारमा कलम घुमाए उनले । भारतको बनारसमा नौ कक्षा पढ्दैको बेला कलम चलाउन सुरु गरेका थिए उनले । हिन्दी आख्यान साहित्यका हस्ती मुन्सी प्रेमचन्दको सम्पादनमा प्रकाशित हुने 'हंस' भन्ने पत्रिकामा बीपीको पहिलो कथा छापियो । विख्यात समालोचक शान्तिप्रिय द्विवेदी, अर्का भारतीय काव्यतारा जयशङ्करप्रसाद, बनारस हिन्दु विश्व विद्यालयका कला विभागका निर्देशक रामकृष्णदास, रामानन्द चटर्जी, केदार चटर्जीजस्ता हिन्दी वाङ्मय साधकहरुकै सहवासले बीपीको साधना संसार झन् उजिलिँदै गएको कुरा इतिहासको उत्खननले देखाउँछ । प्रारम्भमा हिन्दी भाषामा आख्यान अभ्यासमा लिप्त उनलाई नेपाली भाषामा लेख्न प्रेरकीय भूमिका दार्जलिङमा अध्यापनरत सूर्यविक्रम ज्ञवालीले दिएका थिए । हिन्दीका दुई विशिष्ट तत्कालीन साहित्यिक पत्रिकाहरु 'हंस र विशाल भारत' हरुले बीपीको आख्यान लेखनको उत्साहलाई साहित्यिक स्तरमा उचाले । यस क्रममा उनको कथा नेपाली प्रतिष्ठित पत्रिका शारदामा झुल्किएपछि त्यसले निकै खैलाबैला मच्चायो । तत्कालीन नेपाली कथा प्रवृत्ति मूलतः पौराणिक, उपदेशपरक र प्रतिकात्मक धाराका मात्र थिए । बीपीले आफ्ना कथामा पृथक् शैली र विषयवस्तुको जन्म दिन पुगे । महिलावर्गका समस्या, यौनिक कुण्ठा, जीवनप्रतिको उदासीनता जो यथार्थ मनोविज्ञानमा आधारित थिए र जो पूरै नौलो प्रयोग बनेर आयो । बीपीका आधुनिक मनोवैज्ञानिक कथाबाट प्रभावित हुँदै सूर्यविक्रम ज्ञवालीले उनको अनुमतिबाट कथासङ्ग्रह प्रकाशित गर्ने निश्चय भयो । पाठक संसारमा निकै हलचल ल्याएका उनका यथार्थवादी मनोवैज्ञानिक कथाले नेपालको तत्कालीन निरङ्कुश सत्तालाई गतिलो झड्का दिएकै कारण वि.सं १९९९ मा बीपीलाई पक्राउ गरियो । उनका कथाको पाण्डुलिपि जफत गरी ज्ञवालीको समेत गिरफ्तार भयो ।

यो धरपकडले एकातिर बीपीको लेखन जोसलाई ऊर्जा दियो भने अर्कोतिर उनी पाठकहरुको जिज्ञासा र आस्थाका पात्र बन्न पुगे । वि.सं. २००३ मा जेलबाट छुटेपछि अर्को वर्ष उनको कथा प्रकाशित भयो । मूलतः सामन्तचिन्तनको स्कुलिङमा हुर्किएका मुट्ठीभरका ढोँगी सम्भ्रान्त उनको लेखनको विरुद्धमा थिए । छाडावादी, अश्लील र मर्यादाविहीन साहित्य भनी उनलाई हतोत्साही बनाउने निकृष्ट चेष्टा थियो यो परिघटना । बीपीले रसियाली लेखकहरु पुस्किन, टाल्सटाय, चेखोब, गोर्कीका कथा लेखन धारालाई राम्रैसित पारख गरेका थिए । यस्तै फ्रेन्च लेखक 'एतानो फ्रान्स, मोपासा र ह्युगो' का लघुकथा र लेखन शैली रुचिकर मान्थे । मनोवैज्ञानिक प्रवृत्ति बीपीको चाख भएकोले अल्बर्ट कामुलाई उनले नेपालीमा भित्र्याए र सार्त्रको अस्तित्ववाद पनि । यसरी पश्चिमेली र पूर्वीय वाङ्मय उदधिमा चुर्लुम्म डुबेका बीपीले नेपाली साहित्यमा नयाँ आयाम नै स्थापित गराएर छाडे । विश्व प्रसिद्ध मनोविज्ञ सिग्मन्ड फ्रोइड बीपीलाई मन पर्ने पात्र बने । उनी सङ्कोच नमानी भन्छन्- 'फ्रयड बाहिरिया क्रान्तिभन्दा भित्री क्रान्ति हो, त्यसैले मैले उनलाई रोजेँ । म जतिसुकै द्वन्द्व र अन्तरद्वन्द्वमा परेँ पनि भावना, अनुभूति र संवेदनालाई जोड दिन चाहन्छु' । देवकोटा, लेखनाथ, वाण भट्ट, कालिदास र वेदव्यासका सिर्जनाहरु उनको अध्ययनका चाखिला विषय थिए । लेखनलाई परिष्कार गर्न बीपी समालोचकलाई साहित्यको रजहाँस (दूधको दूध, पानीको पानी छुट्याउने क्षमता) भनेर आदर गर्छन् । नेपाली लेखकहरु आलोचना, प्रतिक्रिया र टीकाटिप्पणी सुन्न, सहन र पचाउन सक्ने क्षमताका भइसकेको छैनौँ । लेखकहरु लेख्न त लेख्छन् तर लेखनमा लेखकको अनुभवभन्दा बाहिरी प्रभाव ज्यादा रहेको पाइन्छ । हाम्रा लेखकमा अध्ययन, चिन्तन र गम्भीर अनुभवको कमी छ । त्यसैले त बीपी लेखकहरुलाई समालोचकको छडी चखाउन बोल्छन्- 'म सदा समालोचकको त्रासमा रहन्छु, हुन त समालोचकको छड कतै कुत्कुयाउँछ, चिलाउने ठाउँमा कन्याइदिन्छ, कतै लिखा परेको ठाउँमा ठुङ मार्छ, घाउ चिरिदिन्छ र रालसिँगान पुछिदिन्छ ।' यसरी समालोचकलाई बीपी सिर्जना संसारको महान् सुधारक, उद्धारक र मार्गद्रष्टा भनी चित्रण गर्थे ।

**राजनीतिक मञ्चका बीपी**

बीपी राजनीतिलाई नैतिकतामा हेर्न रुचाउँथे । त्यसैले राजनीति 'नैतिकताको व्यापक रूप हुनसक्नुपर्छ' भन्थे । राजनीति नैतिकताकै विम्ब हुन सकेन भने यो नूतनभन्दा पुरातन, भावनाभन्दा तर्क, नैतिकताभन्दा ऐनकानुनको ढर्रा हुन जान्छ भन्ने उनको मान्यता थियो । राजा महेन्द्र जनता प्रजातन्त्रका लागि दीक्षित नभएसम्म उनीहरुलाई अदपमा राख्नुपर्छ भनी राजनीतिमा जनसहभागिताको न्यूनीकरणमा जोड दिन्थे । तर बीपी यसको विपरीत उभिएर बोल्थे– आज्ञा वा उपकारस्वरूप प्राप्त भएको वस्तुले मानिसलाई कहिल्यै पनि सन्तुष्टि दिन सक्दैन भनी वकालत गर्थे । राजनीतिक दलको कार्यभारलाई स्पष्ट पार्दै बीपी विचार बोल्छ- आकाङ्क्षालाई विचारमा, विचारलाई मतमा, मतलाई मागमा र मागलाई इच्छाशक्तिमा परिणत गराउने क्षमता दलहरुसित हुनुपर्छ । त्यसैले उनले राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई क्रमशः आदर्श (ऐना) सिद्धान्त (चिन्तन मननपूर्वक दिमागीहरुबाट सिर्जित सूत्र) समाजवाद (व्यवहारमूलक जनताले अनुभूति गर्ने कार्यक्रम) का त्रिकोण दौडाउने अठोट लिएका थिए । राष्ट्रियता माटो होइन, जनताको सामूहिक भावना हो । प्रजातन्त्रले राजनीतिक समानतालाई प्रतिस्थापना गर्छ भने आर्थिक समानता वा समताको निम्ति समाजवादले योगदान पुऱ्याउँछ, यही सटिक राजनीतिक विचार नै बीपी विचारबिन्दु हो । वास्तवमा राष्ट्रियताको अर्थ हो देशमा एकता हुनु, देशभरका सबै मानिस आफूलाई एक परिवार सम्झियून्, त्यहाँ जात, धर्म, वर्ण, लिङ्ग, नश्ल गौण कुरा हुन्छ । यही आदर्शको धरातलमा प्रजातन्त्र र समाजवादलाई गति दिनुपर्छ । यसरी जनताका लागि राजनीति हुनुपर्छ भन्ने जनवादी चिन्तन नै बीपीको चुरो हो । **विकासवादी एवं सामाजिक समाजवादी व्यक्तित्व-** बीपी देशमा भौतिक एवं मानसिक विकास अपरिहार्य आवश्यकता ठम्याउँथे । वित्तीय बन्धनले आज सारा विश्व एउटा डल्लो हुँदैछ । तमाम संसार एकाइमा परिणत हुँदैछ । यो स्थितिमा अविकसित राष्ट्रहरुलाई विकसित राष्ट्रहरुले सहयोग गर्न अनिवार्य छ । हाम्रो देशको सन्दर्भमा गाउँलेलाई बेवास्ता गर्ने कुनै पनि विकास विकास होइन । अनि विकसित मुलुकको तडकभडक देखेर त्यसैमा हुरुक्क भई हामीले विकासलाई रोमान्टिक वस्तुजस्तो नठानौँ । प्रजातन्त्र र विकास परस्पर विरोधी नभई एक अर्काका पूरक हुन् । विकासप्रेमी उनका यी सुन्दर सूत्र कति कालजयी भएर नाचेका छन् । परनिर्भरतालाई न्यूनीकरण गर्दै देशमा उत्पादन बढाएर आफ्नै भूगोल अनुरुपको विकासे योजना बीपीले पस्किए । समाजवादको परम्परावादी वा कल्पनामूलक सोचसित विमति जनाउँदै बीपीले यसरी बुझाए- हाम्रो मुलुक गरिब छ । यो किसानको मुलुक हो । जसले किसानको, हलो जोत्नेको भलाइ गर्छ, जसले गाउँ र त्यहाँका बासिन्दाको अवस्था चिनेको छ, गाउँको भलाइको जुन नीति र कार्यक्रम छ त्यही हो समाजवाद । बीपीले समाजवादलाई क्रियात्मक बनाउन यसरी जोड गरे । अनि ब्रेडले मात्र हैन मान्छे ब्रेनले चालित हुन्छ भन्दै भौतिक एवं वैचारिक वुभुक्षा पूर्ण गर्न चाहन्थे समाजवादमा उनी । जुन काम गर्दा नेपालका गरिब किसान गाउँलेको उत्थान र हित हुन्छ, त्यही समाजवाद हो । यसैले बीपीले नेपालमा समाजवाद सबल गर्न लघु उद्यम र स्वदेशी वस्तुको प्रयोगलाई जोड दिएका थिए । आधुनिक लोकतान्त्रिक समाजवादका व्याख्याता जर्मन प्राध्यापक थोमस मयर भन्थे- अधिकार भनेको राजनीतिक मात्र होइन, आर्थिक, सामाजिक र सांस्कृतिक उत्थान पनि हो । यसैले सबै पक्षको यात्रा मात्रा मिलाएर गर्न सकेमा लोकतन्त्र सामाजिक हुनसक्छ । बीपीको विचार पनि यही निकट छ । यसरी बीपी एक न्यायप्रेमी व्यक्तित्वको रूपमा पनि देखिन्छन् । उनको मान्यता यसरी बोल्छ- न्याय कुनै अभेद्य रहस्य हैन । प्रत्येकलाई त्यसको विरेचन एवं निरूपण गर्ने शाश्वत हक हुन्छ । तरुणवर्गप्रति सचेत गराउँदै तरुणलाई राजनीतिक दलका साथी, त्यागका प्रतिमूर्ति, समाजवादको नाममा प्रजातन्त्रको हत्या हुन नदिने र प्रजातन्त्रको नाममा शोषण स्वीकार नगर्ने कर्तव्यका तागत भनी मान्थे । रातोपाटी

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।**

**२. साझँ पख सधै ज्वरो आउनु ।**

**३. खाना खान मन नलाग्नु ।**

**४. तौल(वजन) घट्नु ।**

**५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# भौगोलिक विकट्ताका कारण स्वास्थ्य सेवामा कठिनाई

**मिसन न्यूज**
**जाजरकोट**

भौगोलिक रूपमा जाजरकोट सानो भए पनि पहाडी भू-बनोटका कारण यहाँका बासिन्दालाई सहजरूपमा स्वास्थ्य सेवा पाउन कठिन भएको छ। जिल्लालाई सात स्थानीय तहमा विभाजन गरे पनि जाजरकोटवासीको स्वास्थ्य सेवामा पहुँच भने अति न्यून छ। जिल्लामा ५० शय्याको एक जिल्ला अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ३१ स्वास्थ्य चौकी छन्। त्यस्तै एक आँखा अस्पताल, एक जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र दुई आयुर्वेद औषधालय भए पनि ती सबै जनताको पहुँचभन्दा पनि सुविधासम्पन्न ठाउँमा मात्र केन्द्रित छन्।

कुशे गाउँपालिकामा पाँच स्वास्थ्य संस्था भए पनि त्यहाँ दरबन्दीअनुसारका स्वास्थ्यकर्मी नभएको गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले बताउनुभयो। उक्त गाउँपालिकामा पायक पर्ने ठाउँमा स्वास्थ्य संस्था नभएको भन्दै नयाँ चार ठाउँमा स्वास्थ्य संस्था निर्माणका लागि बोलपत्र आह्वान गरेर स्वास्थ्यकर्मीको नियुक्ति गर्न लागिएको उहाँले जानकारी दिनुभयो। उक्त गाउँपालिकामा एमबीबीएस गरेका चिकित्सकको दरबन्दी भएका स्वास्थ्य संस्था छैन भने सडक सञ्जालले जोडिए पनि अझैसम्म एम्बुलेन्स खरिद गरिएको छैन। जुनिचाँदे गाउँपालिकाको गर्खाकोटमा लामो समयदेखि एमबीबीएस चिकित्सकको दरबन्दी भए पनि रिक्त हुँदै आएको छ। जिल्लाको सबैभन्दा दुर्गम र यातायातको सहज पहुँच नभएको सो गाउँपालिका हो। उक्त गाउँपालिकामा तीन स्वास्थ्य चौकी, सात सामुदायिक एकाइ, एक प्राथमिक उपचार केन्द्र रहेको प्रशासकीय अधिकृत सर्वदल शाहीले बताउनुभयो। नलगाड नगरपालिकाको दल्लीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सक सञ्जयकुमार यादव तीन महिनादेखि बिदामा रहेका कारण दैनिक उपचारमा समस्या भएको छ। नगरपालिकामा आठ स्वास्थ्य संस्था रहेकामा सात नयाँ स्वास्थ्य संस्था थप्न लागिएको नगरपालिकाका प्रशासकीय अधिकृत सुरेन्द्र सिंहले जानकारी दिनुभयो। उक्त नगरपालिकामा एम्बुलेन्स खरिद गर्न बोलपत्र आह्वान गरिए पनि कसैले पनि फारम नभरेकाले उक्त शीर्षकको रकम फ्रिज भएको उहाँको भनाइ थियो। बारेकोट गाउँपालिकामा एउटा पनि स्वास्थ्यकर्मी नभएकाले एक करारमा नियुक्ति गरिएका नवीन साहनीको भरमा लिम्सास्थित प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन हुँदै आएको छ। औषधि खरिद नगरिएका कारण औषधिको समस्या रहेको बारेकोटका अधिकांश स्वास्थ्य संस्थाले जनाएका छन्। अघिल्लो वर्ष बारेकोट गाउँपालिकामा स्थानीय तह र एक एनजीओको सहयोगमा एक सुत्केरीको उद्धार गरिएको थियो। अन्य स्थानीय तहमा यस्ता खालका घटना नरहेको पाइएको छ। सुविधा सम्पन्न स्वास्थ्य संस्था तथा उपकरणको अभावमा चिकित्सकले छामेको भरमा जिल्लावासीले उपचार गर्नुपरे पनि सुधार हुन सकेको छैन्। जिल्लाका कुनै पनि स्वास्थ्य संस्थाले औषधि खरिद गरेका छैनन् भने जिल्ला अस्पतालमा पनि औषधि अभाव हुन लागेको फार्मेसी विभागले जनाएको छ।





## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

महावै गाउँपालिकाका
,कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

तिलागुफा नगरपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# कर्णालीमा १३२ केभी प्रसारण लाइन विस्तार हुने

**मिसन न्यूज**
**सुर्खेत**

कर्णालीमा विद्युत प्रसारण लाइनको क्षमता विस्तार हुने भएको छ। नेपाल विद्युत प्राधिकरणले १३२ केभीको लाइन विस्तार गर्न आवश्यक प्रक्रिया शुरु गरिसकेको जनाएको छ। कोहलपुर-सुर्खेत-दैलेख १३२ केभी प्रसारण लाइन आयोजना प्रमुख रवि चौधरीले वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन स्वीकृत हुने तयारीमा रहेको र प्रसारण लाइन विस्तारका लागि बोलपत्र आह्वान भइसकेको जानकारी दिए । प्रसारण लाइन विस्तारले सुर्खेत-दैलेखवासीले लामो समयदेखि भोग्दै आएको 'लो-भोल्टेज'को समस्या अन्त्य हुने उनको भनाइ थियो । उक्त लाइनको क्षमता विस्तारका सम्बन्धमा एक वर्षदेखि संसद्मा आवाज उठाउँदै आएका सुर्खेत-२ का सांसद नवराज रावतले निर्माण सम्पन्न नभएसम्म खबरदारी गरिराख्नुपर्ने बताए । 'थुप्रैपटक उर्जा मन्त्रालय र विद्युत् प्राधिकरणमै पुगेर दबाब दिएपछि लाइनको क्षमता विस्तारको प्रक्रिया अघि बढेको हो', उनले भने । प्राधिकरणको वातावरण तथा सामाजिक अध्ययन विभागले 'इआइए' अध्ययन गरेको थियो । आयोजना बाँकेको कोहलपुर सब-स्टेशनबाट प्रारम्भ भई सुर्खेतको



बाँकी ८ पेजमा.....

# कर्णालीमा प्राङ्गारिक कृषि विधेयक पारित

**मिसन न्यूज**
**सुर्खेत**

कर्णाली प्रदेशसभाको बैठकले प्राङ्गारिक कृषिसम्बन्धी विधेयक बहुमतले पारित गरेको छ। प्रदेशसभाको आज बसेको चौथौ अधिवेशनको २५ औँ बैठकमा प्रदेश प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ बहुमतले पारित भएको हो । प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसीले 'कर्णाली प्रदेश प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई पारित गरियोस् भनी बैठकमा प्रस्ताव प्रस्तुत गरेपछि विधेयक बहुमतले पारित भएको हो ।

**प्राङ्गारिक कृषि अभियान**

प्रदेशसभा सदस्य अमरबहादुर थापाले विधेयकको छलफलमा भाग लिँदै प्रदेश सरकारले यसलाई अभियानका रुपमा लागू गर्नुपर्ने धारणा व्यक्त गरे । गाउँगाउँमा अर्गानिकको महत्व बुझाउनका लागि सरकारले विज्ञको व्यवस्था गर्नुपर्ने थापाको भनाइ छ। भौगोलिक रुपमा विकट भएको प्रदेश भएको हुनाले राज्यले सञ्चालन गर्ने हरेक योजना तथा कार्यक्रमसँग जोडेर अभियानका रुपमा लागू गर्न उनले सुझाए। सदस्यहरुले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री केसीले कर्णालीलाई अर्गानिक बनाउन सरकारले अभियानका रुपमा कार्यक्रम सञ्चालन गर्ने बताए। तीन तहको उचित समन्वय



कर्णाली प्रदेशमा रहेको प्रदेशसभा भवन ।

बाँकी ८ पेजमा.....

# कानुनी जटिलताको समाधान गर्छौं : मुख्यमन्त्री शाही

**मिसन न्यूज**
**सुर्खेत**



कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णालीमा लगानीका लागि सवैखालका कानुनी जटिलताको सामाधान गर्ने बताएका छन्। नेपाल उद्योग परिसंघको आयोजनामा बुधवार र ाजधानीमा भएको नेपाल पूर्वाधार सम्मेलनमा मुख्यमन्त्री शाहीले प्रदेश सरकारले स्थानीय तथा संघीय सरकारसंग समन्वय गर्दै सवै खालका कानुनी तथा संवैधानिक जटिलताको सामाधान गर्ने बताए ।

कर्णालीमा जलविद्युत, कृषि, पर्यटन, पुर्वाधार तथा उद्योगका क्षेत्रमा लगानी गर्दा राम्रो प्रतिफल प्राप्त हुने बताउँदै मुख्यमन्त्री शाहीले ढुक्कका साथ लगानी गर्न नीजि क्षेत्रलाई आग्रह गरे । मुनाफा र लगानी सुरक्षाको ग्यारेन्टी दिन प्रदेश सरकार तयार रहेको भन्दै मुख्यमन्त्री शाहीले कर्णालीमा नीजि क्षेत्रको लगानी भित्रिनेमा आफु विश्वस्त रहेको बताए ।

अधिकाँश हिमाली क्षेत्र, सबैभन्दा लामो कर्णाली नदी, रारा, शेफोक्सुण्डो, तथा मनमोहक जंगली पाटन सहितको कर्णाली प्रदेशमा पर्यटन विकासको राम्रो संभावना रहेको उनले बताए ।

धार्मिक पर्यटनको विकासमा पनि राम्रो सम्भावना रहेको भन्दै मुख्यमन्त्री शाहीले पुर्वाधार विकासमा पनि नीजि क्षेत्रको लगानी आवश्यक रहेको बताउँदै कर्णाली र भेरी करिडोरमा द्रुतमार्ग, सुर्खेतमा अन्तराष्ट्रिय विमानस्थल, जलविद्युत उत्पादन तथा ४०० केभिएको विद्युत प्रशारण लाईन विस्तारमा पनि नीजि क्षेत्रले लगानी गर्न सक्ने बताए ।

**सम्पुर्णमा हाम्रो अनुरोध**

**गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।**

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# जुम्लाको कालीखोली गाउँमा पानीको अभाव

मिसन न्यूज
जुम्ला

जिल्लाको एक मात्र नगरपालिकाका बासिन्दाले खानेपानीको चरम अभाव व्यहोर्दै आएका छन्। चन्दननाथ नगरपालिका-२ पौपडे टोल अर्थात् कालीखोली गाउँका बासिन्दा खानेपानीको समस्या भोग्दै आएका छन् । ४३ घरधुरी रहेको पौपडे टोलवासीले घरघरमा खानेपानीको धारा भए पनि खान पाउनको साटो बिनापानीको महशुल शुल्क तिर्दैछौं ।' उहाँका अनुसार खानेपानी, सरसफाइ तथा सब डिभिजन कार्यालयले खाने पानी आउँदैन भनेर जानकारी गराए पनि समस्या समाधान भएको भण्डारीले बताए। यस टोलका बासिन्दा बिहान उठ्नबित्तिकै पानीको जोहो गर्न थाल्छन् । आङमा लामाले भनिन्, 'पानी आउँदैन। बिहान केही काम गर्न पाइँदैन पानी



त्यहाँ पानी नआएको एक वर्ष भयो। खानेपानीको समस्याबारे सम्बन्धित निकायलाई झक्झक्याउँदा पनि सुनुवाइ नभएको उनीहरुको गुनासो छ। धारामा पानी नआएपछि तीलानदी धाउनु परेको स्थानीय महिला निमाएया भण्डारीले गुनासो गरिन्। 'पहिलो कैलाशबोदी बोर्डिङबाट एउटा पानीको नाला लिएका थियौं, त्यसले अहिले पुग्दैन,' उनले भनिन्, 'जनसंख्या बढ्दै जाँदा त्यति पानी आउँदैन ।'

### पानीबिना महशुल तिर्न बाध्य

पानी नआएको एक वर्ष भए पनि प्रतिमहिना न्युनतम ८० रुपैयाँ महसुल तिर्दै आएको स्थानीयहरु बताउँछन्। धारामा खानेपानी नआएपछि कहिले खोलीकोट गाउँमा त कहिले तीलानदीमा जाने गरेको पौपडे टोल सुधार समितिका अध्यक्ष चक्रबहादुर भण्डारीले बताए । 'झण्डै ५० हजार रुपैयाँ व्यक्तिगत रुपमा लगानी गरेर धारा निर्माण धारा निर्माण निर्माण गऱ्यौं,' उनले गुनासो गरे, 'अहिले पानी लिनकै लागि ठिक्क हुन्छ ।' खानेपानी लिन अर्को गाउँ जाँदा पाँच वर्षीया छोरालाई विद्यालय पठाउन पर्ना नपाएको उनको गुनासो छ। उनले भनिन्, 'स्कुल जाने समयसम्म पानी लिएर आए जान पाउँछन्, नत्र पाउँदैनन्।' यहाका गर्भवती, सुत्केरी महिलाहरुले एक घण्टाको पौदलयात्रा गरेर तीला नदिने पानी ल्याउनुपर्ने बाध्यता छ।

### सिंहदरवारले सुन्दैन गुनासो

पौपडे टोलका स्थानीयहरुले नगरप्रमुखले स्मार्ट सिटीको भाषण गरे पनि नागरिकहरुले भने खानेपानीसमेत नपाएको बताउँछन्। चक्रबहादुर भण्डारीका अनुसार खानेपानीको समस्या लिएर नगरपालिका पुग्दा नगरप्रमुख कान्तिका सेजुवालले टोलमै पुगेर समस्या पुग्ने आश्वासन दिए पनि समस्या समाधान नभएको बताए । उनले भनिन्, 'न त प्रमुख आउनुभयो न वडाले समस्या बुझ्यो ।' पौपडे टोलमै रहेको एसिया इन्टरनेसनल बोर्डिङ स्कुलका सञ्चालक मनोज

बाँकी ८ पेजमा.....

# मूत्रनलीको संक्रमण कम गर्न के गर्ने ?

मिसन न्यूज
स्वास्थ्य

धेरैले भोगेको समस्या हो, पिसाबको संक्रमण । पिसाब गर्दा दुख्ने, पोल्ने हुँदा अत्यन्तै पीडा हुने यो संक्रमण महिला र पुरुष दुवैलाई हुन्छ। यसलाई चिकित्सकको भाषामा युटीआई अर्थात युरिनरी ट्र्याक इन्फेक्सन भनिन्छ। यौनाङ्गको विशेष हेर चाह र सरसफाईमा ध्यान नदिँदा धेरैजसो यो



समस्या हुने गर्छ । मासिक श्राव, गर्भावस्था, असुरक्षित यौनसम्पर्क आदिका कारण यो समस्या देखा पर्ने गर्छ। पिसाब नली एकदमै संवेदनशिल हुन्छ। यस्तो अंगमा संक्रमण फैलने खतरा पनि बढि नै हुन्छ। पिसाब पास हुने नलीको राम्ररी सफाई नभएको अवस्थामा संक्रमण मुत्राशयसम्म पुग्ने गर्छ।

### कारण:

-ब्लाडर सुन्निनु
-मृगौलाको पथ्थरी
-शरीरमा पानीको मात्रा कम हुनु
-कलेजोको समस्या
-करडको हड्डीमा चोट लाग्नु
-पुरुषहरुमा प्रोस्टेट ग्लैडको बढेमा
-संवेदनशील स्थानमा चोट लागेमा
-(दुर्गन्धित शौचालयको प्रयोग
-धेरैबेरसम्म पिसाब रोकेमा
-गुप्ताङ्गको राम्रोसित सफाई नगरे
-मधुमेह

### घरेलु उपचारः

-२ चियाचम्चा स्याउको रस र एक चियाचम्चा मह मनतातो पानीमा मिसाएर पिउँदा संक्रमण फैलाउने ब्याक्टेरिया नष्ट हुन्छ र पिसाब सजिल्यै बाहिर आउन मद्दत पुग्छ ।

-पिसाबमा हुने संक्रमणको समयमा पटक-पटक पिसाब आएमा १ चियाचम्चा सोडा १ गिलास पानीमा मिसाएर खाँदा पेटमा हुने जलन कम हुन्छ र पीडा कम हुन्छ।

-अलैंचीलाई पिसेर धुलो बनाउने र अनारको र समा मिसाउँने र थोरै थोरै नुन राखेर पिउँदा पिसाबको संक्रमण २ दिनमै निको हुन्छ।

-लस्सी पनि यस इन्फेक्सनको लागि फाइदाजनक हुन्छ । इन्फेक्सन भएको समयमा हरेक दिन लस्सी पिउने गर्नुपर्छ।

-क्र्यानबेरी जुस पनि यसको लागि लाभकारी हुन्छ। ३ वा ४ दिनसम्म यो जुसको सेवन गर्दा आराम मिल्छ।

-लसुनमा प्राकृतिक रुपमै ब्याक्टेरियासँग लड्न सक्ने क्षमता हुन्छ । हरेक दिन एउटा पोटी लसुन र पानी सेवन गर्दा यो समस्या कम हुन्छ।

-यसका साथै, यौनाङ्गको सरसफाईमा विशेष ध्यान दिने, पिसाव नरोक्ने, पानी पिउने आदि गर्दा यो समस्याबाट छुटकारा पाउन सकिन्छ।


स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।


शुभकालिका गाउँपालिका
कालिकोट

# स्वास्थ्य जाँचपछि फर्किए प्रधानमन्त्री

मिसन न्यूज

काठमाडौं

नियमित स्वास्थ्य जाँचपछि प्रधानमन्त्री केपी शर्मा ओली शिक्षण अस्पतालबाट बालुवाटार फर्किएका छन्। त्यहाँ उनको मुटु, मिर्गौला र हातको पनि जाँचका क्रममा सिंगापुरमा मिर्गौलाको प्लाज्मा फेरेसिस गर्दा शरीरमा राखिएको पाइप झिकिएको छ। 'शरीरबाट पाइप झिकिएको छ, उनले भने, 'प्रधानमन्त्री अब तन्दुरुस्त भएर फर्किनुभएको छ।' यसअघि प्रमको सिंगापुरमा १० दिनसम्म



स्वास्थ्य जाँच गरिएको छ। प्रधानमन्त्री ओली स्वास्थ्य जाँचका लागि बुधबार बिहान पौन नौ बजेको समयमा महाराजन्जस्थित त्रिवि शिक्षण अस्पतालको मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा पुगेका थिए। उनका निजी चिकित्सक तथा मुटुरोग विशेषज्ञ डा. अरुण सायमीका अनुसार स्वास्थ्य मिर्गौलाको उपचार गरिएको थियो। उनी यही २० गते स्वदेश फर्किएका थिए। उनको नेसनल युनिभर्सिटी अस्पतालमा उपचार भएको थियो। प्रधानमन्त्री मिर्गौला रोगबाट पीडित छन्। उनको १२ वर्ष अघि मिर्गौला प्रत्योरोपण गरिएको थियो। सिंगापुरमा प्रमको सात पटक प्लाज्माफेरेसिस गरिएको थियो।

# पेट्रोलभन्दा दूध महँगो

एजेन्सी

पाकिस्तान

पाकिस्तानमा दूधको मूल्य वृद्धि भएको छ। पाकिस्तानी सञ्चारमाध्यमका अनुसार कराची र सिन्ध प्रान्तमा १४० रुपैयाँ प्रति लिटर दूध बिक्री



भइरहेको छ। सबैभन्दा रोचक कुरा त के छ भने यहाँ पेट्रोल र डिजेलको मूल्यभन्दा दूधको मूल्य बढी छ। पेट्रोल प्रतिलिटर ११३, डिजेलप्रति लिटर ९१ रुपैयाँमा बिक्री भइरहेको भने दूधको प्रतिलिटर १४० रुपैयाँ पुगेको छ। स्थानीय व्यापारीका अनुसार दूधको अत्यधिक माग बढेकोले कराची सहर र यसका आसपासका क्षेत्रमा लिटरको १२० देखि १४० रुपैयाँसम्ममा दूध बिक्री भइरहेको छ। मुस्लिम धर्मावलम्बीको पर्व मुहर्रम लागि सहरका केही क्षेत्रमा स्टल राखे दूध, जुस र चिसो पानी बिक्री गरिरहेका छन्। यस क्षेत्रमा दूधको माग अत्याधिक भएकाले मूल्य वृद्धि भएको एक व्यापारीको भनाइ उद्धृत् गर्दै भारतीय सञ्चार माध्यम भासकरले उल्लेख गरेको छ। 'हामीले प्रत्येक वर्ष दूधको स्टल लगाउँछौं। यो वर्ष दूधको मूल्य राम्रो छ', एक अर्का दुग्ध व्यापारीले भने, 'त्यसले यसको फाइदा उठानबाट म चुक्न चाहन्न। मुहर्रमका समयमा दूधको मूल्य यति धेरै बढेको मैले जीवनभर थाहा पाएको थिइन्।' समाचारमाध्यम मा जनाइएअनुसार दूधको मूल्यमा नियन्त्रण गर्ने निकायका कराचीका अधिकारी इफ्तिखार सलवानीले पनि दूधको मूल्यमा भइरहेको वृद्धि रोक्ने प्रयास गरेका छैनन्। यद्यपि कराचीका अधिकारीहरूले यहाँ दूधको आधिकारिक मूल्य ९४ रुपैयाँ प्रतिलिटर निर्धारण गरेका छन्।

# साताको भाग्यफल

| | | |
|---|---|---|
| | मेष : | प्रतिस्पर्धीहरू पछि हट्नाले काममा उत्साह जाग्नेछ। व्यापारमा राम्रो आम्दानी हुनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। मिहिनेत गर्दा राम्रै उपलब्धि प्राप्त हुनेछ। अध्ययनका सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। आतिथ्यपूर्ण सम्मान र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। |
| | वृष : | सुरुमा घरेलु समस्याले काममा अल्झाउन सक्छ। अध्ययनमा पनि त्यति समय दिन नसकिएला। मंगलवारदेखि स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसर आउनेछन्। प्रतिस्पर्धाको दौडमा सहयात्रीहरूलाई उछिन्न सकिनेछ। कामका बाधाहरू स्वतः हट्नेछन्। |
| | मिथुन : | सुरुमा अस्वस्थता र घरेलु समस्याले काममा बाधा हुन सक्छ। आफ्ना कमजोरी बाहिरिनाले अवसरवादीहरू जुर्मुराउनेछन्। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ। अध्ययनमा रुचि बढ्नुका साथै जेहेन्दार विद्यार्थीहरूको सपना पूरा हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्याउन सक्छ। |
| | कर्कट : | प्रारम्भमा विभिन्न अवसर प्राप्त हुनेछन् भने पहिलेको नतिजाले पनि उत्साह जगाउनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। मंगलवार र बुधवार भने आफ्नैबाट धोका हुन सक्छ। बेसुरमा दिएको वचनले पनि समस्या निम्त्याउन सक्छ। |
| | सिंह : | यो साता मध्यम फलदायी रहनेछ। सुरुमा विवादास्पद जिम्मेवारी आउनाले मानसम्मानमा आघात पर्न सक्छ। आलोचकहरूले पनि दुःख दिन सक्छन्। मंगलवारदेखि सहयोगीहरू जुट्नाले धेरै काम बन्नेछन्। मिहिनेतले सफलताको उचाइमा पुर्याउन सक्छ। |
| | कन्या : | इच्छाशक्ति बढ्नाले लक्ष्य प्राप्ति हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर जुट्नेछ। सुखद् समाचारले काममा उत्साह जगाउनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्याउन सक्छ। |
| | तुला : | प्रारम्भमा खर्चिलो काम गर्नुपर्ने हुँदा अलि धेरै रकम जोहो गर्नुपर्ला। तापनि पछिका लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ भने कर्मयोगले उचाइमा पुर्याउन सक्छ। आफन्तसँगको भेटघाटले आनन्द प्राप्त हुनेछ। अध्ययनले पनि प्रगतिको मार्ग अवलम्बन गर्नेछ। |
| | वृश्चिक : | सुरुमा उठ्नुपर्ने रकम हातलागी हुनेछ र आम्दानी बढ्नेछ। तर खर्च समेत बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउन सक्छन्। |
| | धनु : | प्रतिष्ठित काम गर्दै कीर्तिमानी हासिल गर्ने समय छ। कर्मयोगले उचाइमा पुर्याउनेछ। कामको सन्दर्भमा वरिष्ठ व्यक्तिहरूसँग मित्रता बढ्नेछ। मिहिनेतले कीर्तिमानी समेत दिलाउन सक्छ। बुधवारसम्म राम्रै आम्दानी हुनेछ। |
| | मकर : | प्रारम्भमा अरूको हस्तक्षेपले काम रोकिन सक्छ। तापनि दोहोर्याएर प्रयत्न गर्दा मंगलवारदेखि स्थितिमा सुधार आउनेछ। अध्ययनमा प्रगति हुनेछ भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिसँग भेटघाट गर्ने अवसर जुट्नेछ। |
| | कुम्भ : | प्रारम्भमा परिस्थिति अनुकूल नदेखिए पनि मिहिनेतले बिस्तारै सफलताको खुड्किलो चढ्न सकिनेछ। बुद्धिको उपयोगले चुनौतीहरूलाई पन्छाउन सफल भइनेछ। प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। नयाँ काम तथा सीप सिक्ने अवसर प्राप्त हुनेछ। पुरुषार्थले कीर्तिमानी दिलाउन सक्छ। |
| | मीन : | सुरुमा प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। उपहार तथा आतिथ्यपूर्ण सम्मान पाइनेछ। मंगलवार र बुधवार भने शारीरिक तथा मानसिक रूपमा कमजोर भइनेछ। अर्थअभावले कामको योजना रोकिन सक्छ। बिहीवारदेखि स्थितिमा सुधार आउनेछ र भाग्यले साथ दिनेछ। |

## कर्णालीमा प्राङ्गारिक...................................

र सहकार्यबाट कर्णाली प्रदेश अगार्निक बन्ने भन्दै उनले यसमा सबैको महत्वपूर्ण योगदान आवश्यक रहेको बताए। नेपालमा पहिलो पटक अगार्निक कानून बनेकाले सबैभन्दा पहिला कर्णाली प्रदेश नै अगार्निक बन्ने उहाँले विश्वास व्यक्त गरे। कालिकोटबाट प्रतिनिधित्व गर्ने सत्तारुढ नेकपाका प्रदेशसभा सदस्य कुर्मराज शाहीले प्रदेश सरकार र सांसदलाई 'भ्रष्टबहादुर र लुटबहादुर'को संज्ञा दिन थालिएको बताए। कर्णाली राजमार्गमा खाल्डै खाल्डा, प्रदेश राजधानीकै सडकको अवस्था नाजुक हुँदा जनताले थुप्रै पटक यस्तो आरोप लगाएको आफूले सुनेको उनले बताए। बैठकमा प्रतिपक्षी नेपाली काङ्ग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले कर्णालीका गाउँघरमा प्रदेशसभा सदस्य र प्रदेश मन्त्रीले योजना पारिदिएवापत कमिशन असुल्ने गरेको चर्चा चलेको बताए। उनले रुकुम पश्चिम, कालिकोटलगायत जिल्लामा प्राविधिकसँग मिलेर उपभोक्ता समितिले लाखौँ बजेट दुरुपयोग गरेको विवरण आइरहेको जनाउँदै सम्बन्धित मन्त्रालयलाई आफ्नो धारणा सार्वजनिक गर्न आग्रह गरे।

## विद्युत् प्राधिकरणका..........................

पूर्वाधार कोषबाट रु २४ लाख ६० हजारको लगानीमा डिजेल प्लान्ट मेसिन खरीद गरी बिजुली बालिएको अध्यक्ष बुढ्थापाले बताए। ज्याक्सन कम्पनीको दुई सय केभी ९१६० किलोवाट० को मेसिनबाट बिजुली बालिएको उनको भनाइ छ। डिजेलबाट बिजुली बाल्दा बढी खर्च हुने भएकाले एक दिनमा नौ घन्टा मात्र विद्युत् आपूर्ति गर्न सकिएको अध्यक्ष बुढ्थापाले बताए। जुम्ला सदरमुकाम बत्तीविहीन भएपछि सरकारी कामकाजदेखि जनतालाई चाडपर्वको बेला अँध्यारो भएको भन्दै सांसद महतको सांसद विकास कोषबाट रु ५० लाख अल्पकालीन बत्ती बाल्नका लागि विनियोजन गरिएको हो। तीन दशकअघि निर्माण भएको साना जलविद्युत् आयोजनामा नयाँ मेसिन जडान गर्न गत कात्तिकदेखि विद्युत् आपूर्ति बन्द गरिएको थियो। तर नयाँ मेसिन जडान गर्ने क्रममा 'बेरिङ' भाँचिएपछि विद्युत् आपूर्ति सहज हुन सकेको छैन। मेसिन मर्मतका लागि धनगढी पठाएको मेसिन एक-दुई दिनमा जुम्ला पुग्ने र भदौ मसान्तसम्म पानीबाट बिजुली बाल्ने तयारी भइरहेको साना जलविद्युत् उपभोक्ता समिति अध्यक्ष बुढ्थापाले बताए। नयाँ मेसिन जडानका लागि नेपालस्थित भारतीय दूतावासले सहयोग गरेको थियो।

भारतीय कम्पनी पासी शुभकामना जेभीलाई जडानको ठेक्का दिइएको थियो। सो कार्यका लागि भारतीय दूतावासले रु दुई करोड ६३ लाख ७७ हजार र साना जलविद्युत् उपभोक्ता समितिको ४५ लाख २२ हजार ९०० लगानी रहेको छ। नयाँ मेसिनको बेरिङ भाँचिएपछि डिजेल प्लान्ट जडान गरिएको हो। उपभोक्ता समितिले स्थानीय पूर्वाधार कोषको रु २६ लाख ४० हजार खर्च गरेर एक सय ६० किलोवाटको डिजेल प्लान्ट जडान गरिएको हो।

## कर्णालीमा १३२ केभी प्रसारण...............

वीरेन्द्रनगरस्थित सब-स्टेशनमा गएर टुङ्गिने उक्त प्रसारण लाइनको लम्बाइ करीब ५१ किलोमिटर हुने र 'डबल सर्किटका एङ्गल टावर' २६ वटा रहने छन्। आयोजनाको कुल टावरको सङ्ख्या १४५ रहने बताइएको छ। आयोजनाको अनुमानित लागत रु एक अर्ब ८० करोड लाग्ने जनाइएको छ। प्रसारण लाइनले घना बस्तीका मुख्य संरचना तथा वनक्षेत्रलाई समेत असर पुऱ्याउने अनुमान गरिएको छ। आयोजना क्षेत्रको स्थलगत सर्वेक्षणअनुसार प्रसारण लाइन मार्गमा बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र सामुदायिक र सरकारी वन पर्नेछन्। प्रदेश ५ को बाँके, बर्दिया तथा कर्णालीको सुर्खेतभित्र रहने सो आयोजनाका कारण बाँकेको कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिका, बर्दियाको बाँसगढी नगरपालिका तथा सुर्खेतको भेरीगङ्गा, लेकवेशी तथा वीरेन्द्रनगर नगरपालिका प्रभाबित हुने इआइए प्रतिवेदनमा उल्लेख छ। कोहलपुर-सुर्खेत ३३ केभी प्रसारण लाइन २०४५ सालमा विस्तार गरिएको थियो। तत्कालीन राजा वीरेन्द्रको भ्रमणलाई मध्यनजर गरी छ महीनाको अवधिमा हतारहतार प्रसारण लाइन विस्तार गरिएको थियो। मापदण्डबिनै लाइन विस्तार गरिँदा सामान्य हावाहुरी र वर्षात्मा पोल ढल्ने तथा विद्युत् आपूर्तिमा समस्या हुँदै आएको छ।

## जुम्लाको कालीखोली .......................

बुढाथाकीले भने, 'स्कुलमा ९०० विद्यार्थी छन्। मेसिनले पानी लिकालेर दिन्छौ। कतिपयले घरबाटै ल्याउने गरेका छन्।' वडा नम्बर २ का अध्यक्ष धनरासी भण्डारीले यस वस्तीमा खानेपानी को समस्याबारे जानकारी नभएको बताउँछन्। 'भरखरै समस्याबारे थाहा पायौं,' उनले भने, 'यस वडामा खानेपानीको स्रोत नएकाले तत्काल समस्या समधान गर्न सकिँदैन, तर, जति सक्दो छिटो खानेपानीको ट्याङकीको व्यवस्था गरेर भए पनि समस्या समाधान गर्न तर्फ लाग्ने छौं।'

**सान्नी त्रिवेणीको सन्देश**

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔँ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ।

नरहरिनाथ गाउँपालिका
कालिकोट

**बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै www.missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषता
– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
– अनलाईन पत्रिका डिजाइन।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
– वेव तथा अनलाईनका लागि होस्टीग।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
– भिडियो डुकुमेन्ट्री उत्पादन।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

सर्म्पक ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत